# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७६/७७ को वार्षिक तथ्याङ्कमा आधारित)*

## प्रमुख झलक

- *वार्षिक औसत मुद्रास्फीति ६.१५ प्रतिशत रहेको छ ।*
- *आयात १५.६ प्रतिशतले घटेको छ भने निर्यात ०.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष आयात १३.९ प्रतिशतले र निर्यात १९.४ प्रतिशतले बढेको थियो ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ०.५ प्रतिशत र अमेरिकी डलरमा ३.३ प्रतिशतले घटेको छ ।*
- *शोधनान्तर स्थिति रु. २८२ अर्ब ४१ करोडले बचतमा छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रु. ६७ अर्ब ४० करोडले घाटामा रहेको थियो ।*
- *कुल विदेशी विनिमय सञ्चिति ११ अर्ब ६५ करोड अमेरिकी डलर रहेको छ । उक्त सञ्चिति १२.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।*
- *विस्तृत मुद्राप्रदाय १८.१ प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन १८.७ प्रतिशतले र निजी क्षेत्रमाथिको दावी १२.६ प्रतिशतले बढेको छ ।*
- *२०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुमा रहेको कुल निक्षेप रु.३८ खर्ब ४० अर्ब र निजी क्षेत्रमाथिको दावी रु. ३२ खर्ब ७७ अर्ब पुगेको छ ।*

## वास्तविक क्षेत्र

१. केन्द्रिय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७६/७७ मा २.२८ प्रतिशत आर्थिक वृद्धि भएको अनुमान छ । कृषि क्षेत्रको वृद्धि २.५९ प्रतिशत, उद्योग क्षेत्रको ३.२३ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धि १.९९ प्रतिशत रहेको अनुमान छ ।

२. आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २७.६५ प्रतिशत, १४.२७ प्रतिशत र ५८.०८ प्रतिशत रहेको छ (तालिका १) ।

३. आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको १८.१ प्रतिशत पुगेको छ । कुल पुँजी निर्माण, कुल स्थिर पुँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः ५०.१५ प्रतिशत, २८.१४ प्रतिशत र ४६.०३ प्रतिशत रहेको छ ।

४. आर्थिक वर्ष २०७६/७७ मा कुल जलविद्युत उत्पादन ११.५० प्रतिशतले वृद्धि भई १३१८.२ मेगावाट पुगेको छ ।

**तालिका १ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)**

| क्षेत्र | २०७४/७५ | २०७५/७६सं | २०७६/७७प्रा. |
|---|---|---|---|
| कृषि* | २८.५७ | २७.५१ | २७.६५ |
| उद्योग | १४.८७ | १५.०८ | १४.२७ |
| सेवा | ५६.५६ | ५७.४१ | ५८.०८ |
| **यथार्थ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | | | |
| **आर्थिक वृद्धिदर** | **६.७०** | **६.९९** | **२.२८** |
| कृषि* | २.८२ | ५.०६ | २.५९ |
| उद्योग | ९.५७ | ७.७२ | ३.२३ |
| सेवा | ७.२४ | ७.२७ | १.९९ |


*कृषि, वन तथा मत्स्यपालन
प्रा. प्रारम्भिक अनुमान
सं. संशोधित अनुमान
*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

# मुद्रास्फीति

## उपभोक्ता मुद्रास्फीति

५. आर्थिक वर्ष २०७६/७७ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.१५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ४.६४ प्रतिशत रहेको थियो।

६. २०७७ असारमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.७८ प्रतिशत रहेको छ । २०७६ असारमा यस्तो मुद्रास्फीति ६.०२ प्रतिशत रहेको थियो।




## खाद्य तथा पेय पदार्थ मुद्रास्फीति

७. आर्थिक वर्ष २०७६/७७ मा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत मुद्रास्फीति ८.१६ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति ३.०९ प्रतिशत रहेको थियो।

## गैर-खाद्य तथा सेवा मुद्रास्फीति

८. आर्थिक वर्ष २०७६/७७ मा गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति ४.६१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त समूहको मुद्रास्फीति ५.८६ प्रतिशत रहेकोथियो।

| तलिका २ : वार्षिक औसत मुद्रास्फीति | | |
|---|---|---|
| विवरण | प्रतिशत | |
| | २०७५/७६ | २०७६/७७ |
| समग्र उपभोक्ता मुद्रास्फीति | ४.६४ | ६.१५ |
| खाद्य तथा पेय पदार्थ | ३.०९ | ८.१६ |
| गैर-खाद्य तथा सेवा | ५.८६ | ४.६१ |

## क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

९. आर्थिक वर्ष २०७६/७७ मा उपभोक्ता मुद्रास्फीति काठमाडौं उपत्यकामा ६.९६ प्रतिशत, तराईमा ६.२९ प्रतिशत, पहाडमा ५.१० प्रतिशत र हिमालमा ४.९१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति क्रमशः ४.८६ प्रतिशत, ४.२६ प्रतिशत, ५.०० प्रतिशत र ४.९१ प्रतिशत रहेको थियो।

## नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

१०. २०७७ असारमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति नेपालमा ४.७८ प्रतिशत र सन् २०२० को जुलाईमा भारतमा ६.९३ प्रतिशत रहेको छ।

## थोक मुद्रास्फीति


११. २०७७ असारमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ५.६० प्रतिशत रहेको छ। २०७६ असारमा यस्तो मुद्रास्फीति ५.४१ प्रतिशत रहेको थियो।

## राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

१२. २०७७ असारमा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ७.४८ प्रतिशतले वृद्धि भएको छ। २०७६ असारमा उक्त सूचकाङ्क ९.१० प्रतिशतले वृद्धि भएको थियो। तलब सूचकाङ्कको वृद्धिदर १३.५५ प्रतिशत र ज्यालादर सूचकाङ्कको वृद्धिदर ५.८५ प्रतिशत रहेको छ।

# बाह्य क्षेत्र

## वैदेशिक व्यापार




१३. आर्थिक वर्ष २०७६/७७ मा कुल वस्तु निर्यात ०.६ प्रतिशतले वृद्धि भई रु.९७ अर्ब ७१ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात १९.४ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारततर्फ ११.८ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीन तथा अन्य मुलुकतर्फ क्रमशः ४३.५ प्रतिशत र १८.२ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा पाम तेल, आयुर्वेदिक औषधि, जडिबुटी, प्लाष्टिकका भाँडा, फलफुल लगायतका वस्तुको निर्यात बढेको छ भने जस्तापाता, तार, पोलिस्टर यार्न तथा धागो, तयारी पोशाक, उनी गलैंचा लगायतका वस्तुको निर्यात घटेको छ ।

१४. आर्थिक वर्ष २०७६/७७ मा कुल वस्तु आयात १५.६ प्रतिशतले घटेर रु.११ खर्ब ९६ अर्ब ८० करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो आयात १३.९ प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १९.९ प्रतिशत, ११.५ प्रतिशत र ५.३ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा कच्चा पाम तेल, कच्चा सोयाविन तेल, रासायनिक मल, खाने तेल, कम्प्युटर तथा पार्टपुर्जा लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपुर्जा, एम.एस. बिलेट, सुन, अन्य मेशिनरी तथा पार्टपुर्जा लगायतका वस्तुको आयात घटेको छ ।

१५. निर्याततर्फ वीरगञ्ज र तातोपानी भन्सार कार्यालय बाहेकका नाकाबाट गरिएको निर्यातमा ह्रास आएको छ । आयाततर्फ सुख्खा बन्दरगाह र तातोपानी भन्सार कार्यालय बाहेकका नाकाबाट भएको आयातमा ह्रास आएको छ ।

१६. आर्थिक वर्ष २०७६/७७ मा कुल वस्तु व्यापार घाटा १६.८ प्रतिशतले संकुचन भई रु.१० खर्ब ९९ अर्ब ९ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो घाटा १३.५ प्रतिशतले वृद्धि भएको थियो । व्यापार घाटाको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २९.२ प्रतिशत रहेको छ । समीक्षा वर्षमा निर्यात-आयात अनुपात ८.२ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ६.८ प्रतिशत रहेको थियो ।

## निर्यात आयात मूल्य सूचकाङ्क

१७. वार्षिक विन्दुगत आधारमा २०७७ असार महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) १.२ प्रतिशतले र आयात मूल्य सूचकाङ्क ३.७ प्रतिशतले घटेको छ । २०७६ असार महिनामा ३.२ प्रतिशतले बढेको व्यापारको शर्त (Terms of Trade) २०७७ असार महिनामा २.६ प्रतिशतले बढेको छ ।

## सेवा

१८. आर्थिक वर्ष २०७६/७७ मा खुद सेवा आय रु.१ अर्ब २२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष खुद सेवा आय रु.१५ अर्ब २३ करोडले घाटामा रहेको थियो ।

१९. आर्थिक वर्ष २०७६/७७ मा सेवा खाता अन्तर्गत भ्रमण आय १९.२ प्रतिशतले कमी आई रु.६० अर्ब ८९ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो आय रु.७५ अर्ब ३७ करोड रहेको थियो ।

२०. आर्थिक वर्ष २०७६/७७ मा सेवा खाता अन्तर्गत भ्रमण व्यय ४०.९ प्रतिशतले घटी रु.५३ अर्ब १४ करोड कायम भएको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.२५ अर्ब ८१ करोड रहेको छ । अघिल्लो वर्ष भ्रमण व्यय रु.८९ अर्ब ९१ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.४६ अर्ब ३२ करोड रहेको थियो ।

### विप्रेषण आप्रवाह

२१. आर्थिक वर्ष २०७६/७७ मा विप्रेषण आप्रवाहमा ०.५ प्रतिशतले कमी आई रु.८७५ अर्ब ३ करोड कायम भएको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह १६.५ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३.३ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ७.८ प्रतिशतले बढेको थियो।

२२. आर्थिक वर्ष २०७६/७७ मा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या २०.५ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष यस्तो संख्या ३२.६ प्रतिशतले घटेको थियो। वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा वर्षमा ३४.७ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष यस्तो संख्या ५.४ प्रतिशतले बढेको थियो।

२३. आर्थिक वर्ष २०७६/७७ मा खुद ट्रान्सफर आयमा १.३ प्रतिशतले कमी आई रु.९८२ अर्ब २२ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो आय १५.० प्रतिशतले बढेको थियो।

### चालु खाता एवम् शोधनान्तर स्थिति

२४. आर्थिक वर्ष २०७६/७७ मा चालु खाता घाटा ८७.९ प्रतिशतले घटी रु.३२ अर्ब ६ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो घाटा रु.२६५ अर्ब ३६ करोड थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष २ अर्ब ३५ करोड रहेको चालु खाता घाटा समीक्षा वर्षमा ३२ करोड ६० लाख रहेको छ।


२५. आर्थिक वर्ष २०७६/७७ मा पुँजीगत ट्रान्सफर ८.१ प्रतिशतले घटी रु.१४ अर्ब २१ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ४९.१ प्रतिशतले वृद्धि भई रु.१९ अर्ब ४८ करोड पुगेको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रु.१५ अर्ब ४६ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.१३ अर्ब ६ करोड रहेको थियो।

२६. आर्थिक वर्ष २०७६/७७ मा शोधनान्तर स्थिति रु.२८२ अर्ब ४१ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.६७ अर्ब ४० करोडले घाटामा रहेको थियो। अमेरिकी डलरमा शोधनान्तर स्थिति अघिल्लो वर्ष ५९ करोड १० लाखले घाटामा रहेकोमा समीक्षा वर्षमा २ अर्ब ३५ करोडले बचतमा रहेको छ।

### कुल विदेशी विनिमय सञ्चिति

२७. २०७६ असार मसान्तमा रु.१०३८ अर्ब ९२ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३४.९ प्रतिशतले वृद्धि भई २०७७ असार मसान्तमा रु.१४०१ अर्ब ८४ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०७६ असार मसान्तमा ९ अर्ब ५० करोड रहेकोमा २०७७ असार मसान्तमा ११ अर्ब ६५ करोड पुगेको छ।

**चार्ट ३ : कुल विदेशी विनिमय सञ्चिति (असार मसान्त)**




२८. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७६ असार मसान्तमा रु.९०२ अर्ब ४४ करोड रहेकोमा २०७७ असार मसान्तमा रु.१२२६ अर्ब १२ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७६ असार मसान्तमा रु.१३६ अर्ब ४७ करोड रहेकोमा २०७७ असार मसान्तमा रु.१७५ अर्ब ७१ करोड पुगेको छ। २०७७ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.८ प्रतिशत रहेको छ।

### सञ्चिति पर्याप्तता सूचक

२९. आर्थिक वर्ष २०७६/७७ को आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४.४ महिनाको वस्तु आयात र १२.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। समीक्षा वर्षमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः ३७.२ प्रतिशत, १०५.८ प्रतिशत र ३३.१ प्रतिशत रहेका छन्। २०७६ असार मसान्तमा यी अनुपातहरु क्रमशः ३०.० प्रतिशत, ६४.९ प्रतिशत र २९.० प्रतिशत रहेका थिए।

### बाह्य लगानी स्थिति

३०. २०७७ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु.१४६७ अर्ब ७९ करोड तथा दायित्व रु.११९५ अर्ब ८३ करोड रहेको छ। फलस्वरुप, खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति (Net International Investment Position) रु.२७१ अर्ब ९६ करोड रहेको छ। २०७६ असारमा यस्तो रकम रु.१८८ अर्ब ८६ करोड रहेको थियो।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

३१. अन्तर्राष्ट्रिय बजारमा २०७६ असार मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ६५.८७ रहेको कच्चा पेट्रोलियम (Brent Crude Oil) को मूल्य २०७७ असार मसान्तमा ३३.३ प्रतिशतले घटी प्रति ब्यारल अमेरिकी डलर ४३.९६ कायम रहेको छ। त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७६ असार मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १४०९.८५ रहेकोमा २०७७ असार मसान्तमा २८.० प्रतिशतले वृद्धि भई अमेरिकी डलर १८०४.६० पुगेको छ।

### विनिमय दर

३२. २०७६ असार मसान्तको तुलनामा २०७७ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ९.१५ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्ष नेपाली रुपैयाँ ०.०२ प्रतिशतले अवमूल्यन भएको थियो। २०७७ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१२०.३७ पुगेको छ। २०७६ असार मसान्तमा उक्त विनिमय दर रु.१०९.३६ रहेको थियो।

## सरकारी वित्त स्थिति*

### संघीय सरकार


### वित्त घाटा/बचत

३३. आर्थिक वर्ष २०७६/७७ मा बैंकिङ्ग कारोबारमा आधारित सरकारको वित्त स्थिति रु.२६७ अर्ब ४५ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति रु.१८० अर्ब ५० करोडले घाटामा रहेको थियो।

### खर्च तथा राजस्व#

३४. आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारको कुल खर्च रु. १०९४ अर्ब ३४ करोड रहेको छ। चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था वापतको खर्च क्रमशः रु. ७८६ अर्ब ५३ करोड, रु. १९१ अर्ब ७७ करोड र रु. ११६ अर्ब ४ करोड रहेको छ।

चार्ट ४ : सरकारी राजस्व तथा कुल खर्च वृद्धिदर (वार्षिक)




३५. आर्थिक वर्ष २०७६/७७ मा बैंकिङ्ग कारोबारमा आधारित राजस्व संकलन (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) रु.७९३ अर्ब ७८ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल राजस्व संकलन रु.८७१ अर्ब ७८ करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ मा अन्य प्राप्ति समेत गरी संघीय सरकारले रु. ८४१ अर्ब ३६ करोड स्रोत परिचालन गरेको छ।

*नेपाल राष्ट्र बैंकको बैंकिङ्ग विभाग, सरकारी कारोबार गर्ने वाणिज्य बैंक तथा जिल्ला स्थित ८१ वटै कोष तथा लेखा नियन्त्रक कार्यालय र भुक्तानी केन्द्रबाट प्राप्त विवरणको आधारमा तयार गरिएको।

#गत वर्षको बेरुजु संकलन बाहेक।

### ऋण परिचालन

३६. आर्थिक वर्ष २०७६/७७ मा सरकारले रु.१९४ अर्ब ६४ करोड आन्तरिक ऋण परिचालन गरेको छ भने रु. ३४ अर्ब ४० करोड साँवा भुक्तानी गरेको छ । यस अवधिमा नेपाल सरकारले रु. १६० अर्ब २४ करोड खुद आन्तरिक ऋण परिचालन गरेको छ । यो रकम कुल गार्हस्थ्य उत्पादनको ४.३ प्रतिशत हुन आउँछ। यस अवधिमा सरकारले रु.१६२ अर्ब ५८ करोड वाह्य ऋण परिचालन गरेको छ ।

**तालिका ३ : सरकारी ऋणको स्थिति**

| शीर्षक | रकम (रु.अर्बमा) | | | कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात | | |
|---|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| वाह्य ऋण | ५२५.३५ | ५९४.६१ | ८०५.८३ | १७.३ | १७.२ | २१.४ |
| आन्तरिक ऋण | ३९०.९ | ४५२.९७ | ६१३.२१ | १२.८ | १३.१ | १६.३ |
| कुल ऋण | ९१६.२५ | १०४७.५८ | १४१९.०४ | ३०.१ | ३०.३ | ३७.७ |

३७. २०७७ असार मसान्तमा नेपाल सरकारको कुल तिर्न बाँकी वाह्य ऋण रु. ८०५ अर्ब ८३ करोड र आन्तरिक ऋण रु ६१३ अर्ब २१ करोड गरी कुल तिर्न बाँकी सरकारी ऋण रु. १४ खर्ब १९ अर्ब पुगेको छ । आर्थिक वर्ष २०७६/७७ मा कुल सरकारी ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३७.७ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ३०.३ प्रतिशत रहेको थियो (तालिका ३) ।

### नगद मौज्दात

३८. २०७७ असार मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.१४१ अर्ब १७ करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकम समेत) नगद मौज्दात रहेको छ ।

### आर्थिक वर्ष २०७७/७८ का लागि संघीय बजेट

३९. आर्थिक वर्ष २०७७/७८ का लागि संघीय सरकारले रु.१४७४ अर्ब ६५ करोडको बजेट प्रस्तुत गरेको छ । उक्त बजेटको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३४.३ प्रतिशत रहेको छ । कुल बजेटमा चालु, पुँजीगत र वित्तीय व्यवस्था अन्तर्गतको खर्च क्रमशः ६४.४ प्रतिशत, २३.९ प्रतिशत र ११.७ प्रतिशत रहेको छ (तालिका ४) ।

**तालिका ४ : आर्थिक वर्ष २०७७/७८ को संघीय सरकारको बजेट**

| शीर्षक | रकम (रु. अर्बमा) | कुल बजेटको प्रतिशत | कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात |
|---|---|---|---|
| **कुल बजेट** | **१,४७४.६५** | **१००.०** | ३४.३ |
| **कुल साधन** | **९५०.१५** | **६४.४** | २२.१ |
| राजस्व | १,०११.७६ | ६८.६ | २३.६ |
| प्रदेश र स्थानीय तहलाई राजस्व बाँडफाँड | १२२.१४ | ८.३ | २.८ |
| अनुदान | ६०.५३ | ४.१ | १.४ |
| **कुल खर्च** | **१,४७४.६५** | **१००.०** | ३४.३ |
| चालु खर्च | ९४८.९४ | ६४.४ | २२.१ |
| पुँजीगत खर्च | ३५२.९२ | २३.९ | ८.२ |
| वित्तीय व्यवस्था | १७२.७९ | ११.७ | ४.० |
| **बजेट घाटा/बचत** | **(५२४.५०)** | **(३५.६)** | (१२.२) |
| **घाटा पूर्ति गर्ने स्रोतहरु** | **५२४.५०** | **३५.६** | १२.२ |
| वाह्य ऋण | २९९.५० | २०.३ | ७.० |
| आन्तरिक ऋण | २२५.०० | १५.३ | ५.२ |

### प्रदेश सरकार

४०. आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारको बैंकिङ्ग कारोबारमा आधारित कुल खर्च रु.१५३ अर्ब ८७ करोड रहेको छ । समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत प्राप्ति रु.१४८ अर्ब ८३ करोड रहेको छ । यसमध्ये संघीय सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्व समेत गरी रु.१०९ अर्ब ३३ करोड हस्तान्तरण गरेको छ। यसैगरी, यस अवधिमा प्रदेश सरकारहरुले राजस्व र अन्य स्रोतबाट रु.३९ अर्ब ४९ करोड परिचालन गरेका छन् ।


४१. आर्थिक वर्ष २०७७/७८ का लागि विभिन्न प्रदेश सरकारहरुले कुलमा रु. २६४ अर्ब २१ करोडको बजेट प्रस्तुत गरेका छन् । उक्त बजेटको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ६.२ प्रतिशत हुन आउँछ । अघिल्लो वर्ष प्रदेश सरकारहरुले कुल रु.२५९ अर्ब ५७ करोडको बजेट प्रस्तुत गरेका थिए (तालिका ५) ।

| तलिका ५ : आर्थिक वर्ष २०७७/७८ को प्रादेशिक बजेट | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रदेश | कुल बजेट (रु. अर्बमा) | | | कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात | | |
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| प्रदेश १ | ३५.९४ | ४२.२० | ४०.९० | १.० | १.१ | १.० |
| प्रदेश २ | २९.७९ | ३८.७२ | ३३.५६ | ०.९ | १.० | ०.८ |
| वागमती | ३५.६२ | ४७.६० | ५१.४३ | १.० | १.३ | १.२ |
| गण्डकी | २४.०२ | ३२.१३ | ३४.८४ | ०.७ | ०.९ | ०.८ |
| प्रदेश ५ | २८.०९ | ३६.४१ | ३६.३५ | ०.८ | १.० | ०.८ |
| कर्णाली | २८.२८ | ३४.३५ | ३३.७४ | ०.८ | ०.९ | ०.८ |
| सुदूर पश्चिम | २५.०७ | २८.१६ | ३३.३८ | ०.७ | ०.७ | ०.८ |
| **कुल (क)** | **२०६.८१** | **२५९.५७** | **२६४.२१** | **६.०** | **६.९** | **६.२** |
| **संघीय बजेट (ख)** | **१३१५.१६** | **१५३२.९६** | **१४७४.६५** | **३८.०** | **४०.७** | **३४.३** |

# मौद्रिक स्थिति

## मुद्रा प्रदाय

४२. आर्थिक वर्ष २०७६/७७ मा विस्तृत मुद्राप्रदाय १८.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त मुद्राप्रदाय १५.८ प्रतिशतले बढेको थियो।




४३. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. २८२ अर्ब ४१ करोड (२८.७ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रु. ६७ अर्ब ४० करोड (६.४ प्रतिशत) ले घटेको थियो।

४४. समीक्षा वर्षमा सञ्चित मुद्रा २६.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो मुद्रा १.५ प्रतिशतले घटेको थियो।

## कुल आन्तरिक कर्जा

४५. आर्थिक वर्ष २०७६/७७ मा कुल आन्तरिक कर्जा १३.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त कर्जा २१.१ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १२.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो दावी १९.१ प्रतिशतले बढेको थियो।

## निक्षेप परिचालन

४६. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १८.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप १८ प्रतिशतले बढेको थियो। २०७७ असारमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः १० प्रतिशत, ३१.९ प्रतिशत र ४८.६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ९.७ प्रतिशत, ३२.८ प्रतिशत र ४६.३ प्रतिशत रहेको थियो।


| तलिका६ : बैंक तथा बित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| निक्षेप | असार मसान्त | | | | |
| | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७७ |
| चल्ती | ९.१ | ८.७ | ९.३ | ९.७ | १०.० |
| बचत | ४३.३ | ३५.४ | ३४.५ | ३२.८ | ३१.९ |
| मुद्दती | ३०.५ | ४३.२ | ४४.८ | ४६.३ | ४८.६ |
| अन्य | १७.१ | १२.७ | ११.३ | ११.२ | ९.५ |

४७. २०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४४.३ प्रतिशत रहेको छ । २०७६ असार मसान्तमा यस्तो निक्षेपको अंश ४५.३ प्रतिशत रहेको थियो ।

**कर्जा प्रवाह**

४८. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १९.४ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १६ प्रतिशतले र वित्त कम्पनीहरुको ८ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको कर्जा प्रवाह १६.२ प्रतिशतले घटेको छ । समीक्षा वर्षमा ६ विकास बैंक वाणिज्य बैंकमा गाभिएका तथा प्राप्ति भएका कारण विकास बैंकको कर्जा प्रवाह घटेको देखिएको हो ।

**चार्ट ६: निक्षेप तथा कर्जा वृद्धिदर)**
**(वार्षिक)**




४९. २०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये ६५.७ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १३ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७६ असार मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६४.४ प्रतिशत र १३.५ प्रतिशत रहेको थियो ।

५०. आर्थिक वर्ष २०७६/७७ मा बैंक तथा वित्तीय संस्थाहरुको कृषि क्षेत्रतर्फको कर्जा १६.७ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ११.५ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा १२.३ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १८.६ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ७.७ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा २२.१ प्रतिशतले बढेको छ ।

५१. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा २७.७ प्रतिशतले, ओभरड्राफ्ट कर्जा ७.२ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा ८.७ प्रतिशतले, डिमान्ड तथा चालु पूँजी कर्जा १४ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ८.१ प्रतिशतले र मार्जिन प्रकृति कर्जा ११ प्रतिशतले बढेको छ भने हायर पर्चेज कर्जा ३.८ प्रतिशतले घटेको छ ।

**तरलता व्यवस्थापन**

५२. आर्थिक वर्ष २०७६/७७ मा खुला बजार कारोबारमार्फत् कुल रु.२१९ अर्ब १६ करोड तरलता प्रवाह गरिएको छ । यस अन्तर्गत रिपोमार्फत् रु. ११५ अर्ब ८७ करोड र स्थायी तरलता सुविधामार्फत् रु. १०३ अर्ब २८ करोड प्रवाह भएको छ । अघिल्लो वर्ष रु.३२२ अर्ब ४९ करोड तरलता प्रवाह भएको थियो ।

५३. समीक्षा वर्षमा खुला बजार कारोबारका विभिन्न उपकरणहरुमार्फत् पटक-पटक गरी कुल रु.७८ अर्ब तरलता प्रशोचन गरिएको छ । यस अनुसार निक्षेप संकलन बोलकबोलमार्फत् रु.३० अर्ब र रिभर्स रिपोमार्फत् रु.४८ अर्ब तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु.१०० अर्ब ३५ करोड तरलता प्रशोचन भएको थियो ।

५४. समीक्षा वर्षमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ४ अर्ब २१ करोड खूद खरिद गरी रु.४९२ अर्ब २४ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर ३ अर्ब १९ करोडखरिद गरी रु.३६० अर्ब ९१ करोड तरलता प्रवाह गरिएको थियो ।

५५. समीक्षा वर्षमा अमेरिकी डलर ३ अर्ब ८२ करोड बिक्री गरी रु.४४२ अर्ब १३ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्ष अमेरिकी डलर ४ अर्ब २४ करोड लगायत अन्य विदेशी मुद्रा विक्री गरी रु.५१६ अर्ब ९७ करोड बराबरको भारतीय रुपैंया खरिद भएको थियो ।

### पुनरकर्जा तथा सहुलियतपूर्ण कर्जा

५६. २०७७ असार मसान्तसम्ममा यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जा रु.७ अर्ब ४९ करोड लगानीमा रहेको छ । यस अन्तर्गत साधारण पुनरकर्जा रु. ५ अर्ब ८८ करोड र भूकम्प पीडितलाई प्रवाह गरिएको पुनरकर्जा रु.१ अर्ब ६१ करोड रहेको छ ।

५७. २०७७ असार मसान्तसम्ममा ३२,४४८ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु. ५९ अर्ब ५६ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत २४,७६३ ऋणीलाई प्रवाह भएको रु.५४ अर्ब ११ करोड कर्जा रहेको छ भने सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत ७,६८५ ऋणीको रु.५ अर्ब ४५ करोड कर्जा बक्यौता रहेको छ ।

### अन्तर-बैंक कारोबार

५८. आर्थिक वर्ष २०७६/७७ मा वाणिज्य बैंकहरुले रु.१५०१ अर्ब ४५ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु.१२९ अर्ब ४० करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्ष वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमशः रु.१७७५ अर्ब ११ करोड र रु.२०९ अर्ब ५५ करोड कारोबार गरेका थिए ।

### ब्याजदर

५९. २०७६ असारमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ४.९७ प्रतिशत रहेकोमा २०७७ असारमा १.२७ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७६ असारको ४.५२ प्रतिशतको तुलनामा २०७७ असारमा ०.३५ प्रतिशत कायम भएको छ ।

६०. वाणिज्य बैंकहरुको औसत आधार दर २०७६ असारमा ९.५७ प्रतिशत रहेकोमा २०७७ असारमा ८.५० प्रतिशत कायम भएको छ । २०७७ असारमा वाणिज्य बैंकहरुको निक्षेपको औसत ब्याजदर ६.०१ प्रतिशत र कर्जाको औसत ब्याजदर १०.११ प्रतिशत रहेको छ । २०७६ असारमा यी ब्याजदर दरहरु क्रमशः ६.६० प्रतिशत र १२.१३ प्रतिशत रहेका थिए ।

### मर्जर/प्राप्ति

६१. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराए पश्चात् २०७७ असार मसान्तसम्म कुल १९६ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १५० संस्थाहरुको इजाजत खारेज हुन गई ४६ संस्था कायम भएका छन् ।

### वित्तीय पहुँच

६२. कुल ७५३ स्थानीय तहमध्ये २०७७ असारसम्म ७४७ तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन् । २०७६ असारसम्म वाणिज्य बैंकका शाखा विस्तार भएको स्थानीय तहहरुको संख्या ७३५ थियो (तालिका ७) ।

**तालिका ७: स्थानीयत हमा वाणिज्य बैंकहरुको उपस्थिति**

| प्रदेश | स्थानीय तहको संख्या | वाणिज्य बैंकको शाखा पुगेका स्थानीय तह | |
|---|---|---|---|
| | | २०७६असार | २०७७असार |
| प्रदेश १ | १३७ | १३६ | १३६ |
| प्रदेश २ | १३६ | १३४ | १३६ |
| वागमती | ११९ | ११७ | ११७ |
| गण्डकी | ८५ | ८४ | ८५ |
| प्रदेश ५ | १०९ | १०९ | १०९ |
| कर्णाली | ७९ | ७३ | ७८ |
| सुदूर पश्चिम | ८८ | ८२ | ८६ |
| **कुल** | **७५३** | **७३५** | **७४७** |

६३. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७६ असार मसान्तमा १७१ रहेकोमा २०७७ असार मसान्तमा १५५ कायम भएको छ (तालिका ८) । यस अनुसार २०७७ असार मसान्तमा २७ वाणिज्य बैंक, २० विकास बैंक, २२ वित्त कम्पनी, ८५ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक संचालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७६ असार मसान्तमा ८६८६ रहेकोमा २०७७ असार मसान्तमा ९७६५ पुगेको छ ।

| तालिका ८: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या* | | | | |
|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | |
| | २०७६ असार मसान्त | २०७७ असार मसान्त | २०७६ असार मसान्त | २०७७ असार मसान्त |
| वाणिज्य बैंक | २८ | २७ | ३५८५ | ४४३६ |
| विकास बैंक | २९ | २० | १२६७ | १०२९ |
| वित्त कम्पनी | २३ | २२ | २०५ | २४३ |
| लघुवित्त वित्तीय संस्था | ९० | ८५ | ३६२९ | ४०५७ |
| पूर्वाधार विकास बैंक | १ | १ | – | – |
| **जम्मा** | **१७१** | **१५५** | **८६८६** | **९७६५** |

*यस सम्बन्धी विस्तृत विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

## निक्षेप तथा कर्जा सुरक्षण

६४. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०७७ असार मसान्तसम्ममा ७३ बैंक तथा वित्तीय संस्थाहरुमा २ करोड ६० लाख खातामा प्राकृतिक व्यक्तिका नाममा रहेको बचत, चल्ती, कल तथा मुद्दती निक्षेप रकम रु.६८९ अर्ब ४९ करोड निक्षेप सुरक्षण गरेको छ । २०७६ असार मसान्तमा २ करोड २२ लाख खातामा रहेको रु. ६०३ अर्ब ३९ करोड निक्षेप सुरक्षण गरिएको थियो ।


६५. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०७७ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुको रु.६५ अर्ब ११ करोड बराबरको लघु तथा विपन्न वर्ग कर्जा, साना तथा मझौला उद्योग कर्जा र कृषि कर्जा सुरक्षण गरेको छ । २०७६ असार मसान्तसम्म रु.२५ अर्ब ६६ करोड बराबरको यस्तो कर्जा सुरक्षण गरिएको थियो ।

## विद्युतीय भुक्तानी कारोबार

६६. विद्युतीय भुक्तानी उपकरणको बढ्दो प्रयोगका कारण केही महिनायता विद्युतीय भुक्तानी कारोबारमा उल्लेख्य वृद्धि भएको छ ।

| तलिका ९: विद्युतीय भुक्तानी कारोबार | | | | | | |
|---|---|---|---|---|---|---|
| भुक्तानी उपकरण | कारोवार रकम (रु.दश लाखमा) | | | कारोवार संख्या | | |
| | २०७७ बैशाख | २०७७ जेठ | २०७७ असार | २०७७ बैशाख | २०७७ जेठ | २०७७ असार |
| एटिएम | २७,८४७ | ४०,२७७ | ५४,७६३ | ३,४८८,९०३ | ४,६६२,८५५ | ६,३०२,८४६ |
| मोवाइल बैकिङ्ग | ८,६४१ | १४,०१३ | १८,८३९ | ४,६४२,५०४ | ५,१९६,२४१ | ५,८१७,६८१ |
| इन्टरनेट बैकिङ्ग | ९,९७५ | १७,१२३ | १९,०४८ | ३७३,८१८ | ४९५,०८८ | ६५३,४५९ |
| डेबिट कार्ड | १७,३९० | २२,११२ | २५,८९४ | २,१९३,६३३ | २,७०१,५९८ | ३,३१६,५५४ |
| क्रेडिट कार्ड | ३१६ | ८८७ | ५८४ | ६४,६३३ | १४४,९६७ | ११९,६१० |
| प्रिपेड कार्ड | २२ | २७ | ३६ | ४,६३१ | ४,९०० | ५,२४९ |
| आर.टि.जि.एस. | ६,८८८,०५६ | १०,२५१,११२ | ११,४६३,२५६ | १४,९६८ | २०,८१७ | ३७,२९७ |
| इसिसि | २३४,०२० | ३६०,९०२ | ७९२,००७ | २९१,४८४ | ५७१,२४५ | १,२६०,१६९ |
| आइपिएस | १०८,६८१ | १५०,३७२ | २२३,६५१ | १९७,०५६ | २८४,११३ | ५९६,५३८ |
| कनेक्ट आइपिएस | २३,६८७ | ३८,४६८ | ५१,३०६ | ३१६,४७३ | ४६५,२८० | ६९६,४४७ |
| वालेट | ४,३३६ | ७,५४० | १०,२२२ | ९,६३९,२२८ | १०,२७५,२९० | १०,१७९,५५७ |

## पुँजी बजार




६७. २०७६ असार मसान्तमा १२५९ विन्दु रहेको नेप्से सूचकाङ्क २०७७ असारमा १३६२.४ विन्दु पुगेको छ ।

६८. २०७७ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.१७९२ अर्ब ७६ करोड पुगेको छ । २०७६ असार मसान्तमा बजार पुँजीकरण रु. १५६७ अर्ब ५० करोड रहेको थियो । बजार पुँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २०७६ असार मसान्तमा ४५.३ प्रतिशत रहेकोमा २०७७ असार मसान्तमा ४७.६ प्रतिशत पुगेको छ ।

६९. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २१२ रहेको छ । सूचीकृत कम्पनीहरुमध्ये १४७ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ३३ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ४/४ होटल तथा व्यापारिक संस्था र ५ अन्य समूहका रहेका छन् । २०७६ असारमा सूचीकृत कम्पनीहरूको संख्या २१५ रहेको थियो ।

७०. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ७८.२ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत कम्पनीको हिस्सा ५.४ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ३.७ प्रतिशत, होटेलको हिस्सा १.१ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.३ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ११.३ प्रतिशत रहेको छ ।

७१. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७७ असारसम्ममा सूचीकृत ४ अर्ब ८३ करोड शेयरको चुक्ता मूल्य रु.४७३ अर्ब ३९ करोड रहेको छ ।

७२. आर्थिक वर्ष २०७६/७७ मा रु.३१ अर्ब ९४ करोड बराबरको डिबेन्चर, रु.२८ अर्ब १५ करोड बराबरको बोनस शेयर, रु.१३ अर्ब ६४ करोड बराबरको साधारण शेयर, रु. ५ अर्ब ७५ करोड बराबरको म्युचुअल फण्ड, रु.४ अर्ब ६९ करोड बराबरको हकप्रद शेयर र रु.१५ अर्ब १४ करोड बराबरको अन्य गरी कुल रु. ९९ अर्ब ३० करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

७३. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.२३ अर्ब ४५ करोड बराबरको डिबेन्चर, रु.४ अर्ब ४१ करोड बराबरको हकप्रद शेयर, रु.३ अर्ब ९९ करोड बराबरको साधारण शेयर र रु.१ अर्ब ८० करोड बराबरको म्युचुअल फण्ड गरी रु.३३ अर्ब ६६ करोड बराबरको धितोपत्र निष्काशन गर्न अनुमति दिएको छ ।

## कोभिड-१९ को प्रभावका सन्दर्भमा

७४. कोभिड-१९ संक्रमणका कारण अर्थतन्त्रका सबै क्षेत्र प्रभावित छन् । महामारीको असर सरकारको राजस्व परिचालन तथा पुँजीगत खर्च र बैंकिङ्ग क्षेत्रको कर्जा लगानीमा वढी परेको छ ।

**तालिका १० : प्रमुख आर्थिक परिसूचकहरुको मासिक स्थिति**

रु. अर्बमा

| विवरण | २०७५/७६ | | | | २०७६/७७ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७५ चैत | २०७६ बैशाख | २०७६ जेठ | २०७६ असार | २०७६ चैत | २०७७ बैशाख | २०७७ जेठ | २०७७ असार |
| उपभोक्ता मुद्रास्फीति दर (वार्षिक विन्दुगत) | ४.४४ | ५.२९ | ६.१६ | ६.०२ | ६.७४ | ५.८३ | ४.५४ | ४.७८ |
| उपभोक्ता मुद्रास्फीति दर (अघिल्लो महिनाको तुलनामा) | ०.५८ | १.१९ | १.१४ | ०.६४ | ०.६२ | ०.३४ | -०.१० | ०.८६ |
| खाद्य तथा पेय | १.३५ | १.५४ | २.५२ | १.४० | १.६८ | ०.५९ | -०.५५ | १.७१ |
| गैर खाद्य तथा सेवा | -०.०२ | ०.९३ | ०.०६ | ०.०४ | -०.२१ | ०.१४ | ०.२६ | ०.२० |
| निर्यात | ८.६ | ८.७ | ९.३ | ९.३ | ३.९ | ३.३ | ५.९ | ९.७ |
| आयात | ११२.५ | ११६.५ | १२१.७ | ११८.७ | ५८.३ | ४२.६ | ७५.७ | ९६.० |
| भ्रमण आय | ७.१ | ९.१ | ५.४ | ५.१ | १.७ | ०.९ | १.२ | ३.० |
| भ्रमण व्यय | ६.४ | ५.७ | ६.८ | ९.१ | १.३ | ०.६ | १.० | *१.३* |
| विप्रेषण आप्रवाह | ७१.० | ७२.१ | ७३.७ | ८०.३ | ३४.५ | ५३.९ | ९४.० | १०१.४ |
| सरकारी खर्च | ८१.१ | ८६.२ | - | - | ६४.६ | ८५.८ | १२२.३ | २१०.५ |
| चालु खर्च | ५७.७ | ६५.३ | - | - | ४४.६ | ७६.७ | ९८.४ | ११६.० |
| पुँजीगत खर्च | १९.२ | १९.४ | - | - | ८.७ | ९.१ | ११.९ | ६५.२ |
| राजस्व | ८१.० | ५९.१ | - | - | ४३.९ | १६.१ | ४१.१ | १४६.० |
| निक्षेप संकलन | २४.९ | २९.२ | ४३.० | १२९.३ | ५३.४ | ४४.८ | ७४.१ | १७३.१ |
| निजी क्षेत्रतर्फको कर्जा | ४६.५ | १५.६ | २४.८ | ३०.१ | ४०.० | -१३.३ | -१०.४ | ३६.८ |
| निक्षपको भारित औसत ब्याज दर (प्रतिशत) | ६.७ | ६.७ | ६.६ | ६.६ | ६.७ | ६.४ | ६.२ | ६.० |
| कर्जाको भारित औसत ब्याज दर (प्रतिशत) | १२.३ | १२.२ | १२.२ | १२.१ | ११.८ | ११.० | १०.४ | १०.१ |

*स्रोत : नेपाल राष्ट्र बैंक, भन्सार विभाग र महालेखा नियन्त्रक कार्यालय ।*